## के तपाईं मलाईं एउटी महिला नेतृत्वको राम्रो बाइबलीय उदाहरण देखाउन सक्नुहुन्छ?

**हो, धेरै सक्छु!** बाइबलमा हामी महिला अगुवाहरूको धेरै उदाहरणहरू पाउँछौं। यसलाई सहज बनाऔं र एउटा खण्डमा ध्यान केन्द्रित गरौं (एफिसी ४:११-१२)।

*"अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू, र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन।"*

मुख्य शब्द

**पञ्च दलिय सेवकाई**

एफिसी ४:११-१२

### पअपपश

**सुसज्जित पार्ने वरदानहरू- मानिसहरू जसले अरूलाई सेवकाईको लागि सुसज्जित पार्छन्।**

पावलले चर्चमा अरूलाई निर्माण गर्ने उद्देश्यले प्रभु येशूले दिनुभएको पाँचवटा सुसज्जित गर्ने कामहरूलाई श्रृंखलाबद्धरूपमा सुचीकृत गर्दछ। यी प्रतिभाशाली व्यक्तिहरूले संसारलाई प्रभाव पार्न ख्रीष्टको शरीरलाई नेतृत्व गर्ने, तालिम तथा शिक्षा दिने र तयार पार्ने काम गर्दछ। के बाइबलमा कुनै महिला सुसज्जित पार्ने कामको लागि योग्य छन् ? **धेरै छन्!**

- प -प्रेरितहरू जुनिया (रोमी १६:७) पावलले उनलाई "प्रेरितहरूमध्ये उत्कृष्ट" भनेका छन्। प्रेरितहरू मिसनरीहरूको रूपमा पठाइएका मानिसहरू हुन् (जस्तै पावल, सिलाश र बर्नाबास -ती बाह्र जना मात्र प्रेरित होइनन्)
- अ -अगमवक्ता फिलिपका छोरीहरू (प्रेरित २१:९), अन्ना (लूका २:३६), मिरियम (प्रस्थान १५:२०), योएल २:२८ पनि हेर्नुहोस्। देबोरा -न्यायकर्ता ४:४, हुल्दा (२ राजा २२:१४), यशैयाकी पत्नी (यशैया ८:३)
- प -प्रचारक मरियम मग्दलिनी, योअन्ना, याकूबकी आमा मरियम -मत्ती २८:८-१०, लूका २४:९-१०, र यूहन्न २०:१७-१८), सामरी स्त्री (यूहन्ना ४:३९)
- प -पास्टरहरु कुनै पनि पुरूष र स्त्रीहरूलाई बाइबलमा "पास्टर" भनिएको छैन, बरू तिनीहरूलाई गोठालो भनिएको छ, जसको काम चर्चको पालनपोषण गर्नु हो। पहिलो शताब्दीको चर्चमा "वरिष्ठ पास्टर"को काम थिएन। स्त्रीहरू घरेलु चर्चको अगुवा थिए: फीवी, क्लो, र निम्फा।
- श -शिक्षक प्रिस्किला (प्रेरित १८:२४)

यी असाधारण स्त्रीहरूको प्रशंसा र सिफारिस गरिएको थियो। तिनीहरूको इस्राएली जाति, येशू ख्रीष्ट, पावल, वा सुरूका चर्चद्वारा सम्भना र सम्मान गरिएको थियो। तिनीहरू इतिहासमा परमेश्वरका दासीहरूको रूपमा चिनिन्छन् (कसैको पत्नी/आमाहरूको रूपमा होइन)। उनीहरू पठाइएका अगुवाहरू थिए जसले परमेश्वरको आवाज सुने र बोले, सुसमाचार बाँडे, गोठालोपन र निर्देशन दिए।

माथिका खण्डहरूमा कुनै पनि कुराले तिनीहरूको सेवामा यी स्त्रीहरूप्रति परमेश्वर असन्तुष्ट हुनुहुन्थ्यो भनी देखाउँदैन। केही पनि देखाउँदैन!

कुनै पनि बाइबलीय आज्ञाले यी इश्वरीय स्त्रीहरूलाई चुप बस भनी निर्देशन दिँदैन। महत्वपूर्ण कुरा, परमेश्वरले तिनीहरूलाई निरूत्साहित वा निषेध गर्नुभएन।

**अन्य स्त्रीहरू जसलाई बाइबलीय विवरणमा एक अगुवाको रूपमा सिफारिस गरिएको थियो (र आज पनि)**

- हव्वा -आफ्नो पति आदमसँगै संसारभरी भरिन्दै र त्यसलाई वसमा पार्दै जानको लागि परमेश्वरद्वारा नियुक्त गरिएको थियो।(उत्पत्ति १-२)
- मरियम -उजाडस्थानमा इस्राएलीहरू माफ आराधनाको अगुवाइ गरिन्। -प्रस्थान १५:२०
- लिडिया -उनीद्वारा सुसमाचारको लागि युरोपमा ढोका खोलियो। उनको घरनाबाट नै युरोपको पहिलो चर्च स्थापना भएको थियो। -प्रेरित १६
- फीबी - उनी डिकन र प्रोस्टेटिस् थिइन, एउटा यस्तो शब्द जसले सेवक अगुवापनको उच्चतम रूपको वर्णन गर्दछ। (रोमी १६:१-२)
- महान आज्ञा पालन गर्ने स्त्री - आज प्रत्येक स्त्री जसले येशूलाई विश्वास गर्छिन मत्ती २८:१९-२० लाई पालन गर्न चाहन्छ।

अरू सेवकहरूको सेवा गर्न र सुसज्जित् पार्न उहाँको मिशनमा सामेल हुने स्त्रीहरूदेखि परमेश्वर प्रसन्न हुनुहुन्छ। पुरूष र स्त्री, काँधमा काँध मिलाएर सेवा गर्ने परमेश्वरको मौलिक योजना थियो। परमेश्वरका सेवकहरूलाई कसैले किन बदनाम गर्ने वा सीमित गर्ने? कस्तो प्रकारको व्यक्तिले परमेश्वरको फसलका खेतालाहरूलाई सीमित गर्न चाहन्छ?

## निष्कर्ष

**परमेश्वर एकरूप हुनुहुन्छ। यदि हामीले धर्मशास्त्रमा ईश्वरभक्ति स्त्रीले अगुवाइ गरेको उदाहरण फेला पार्छौं, र परमेश्वरले तिनीहरूलाई प्रमाणित गर्नुहुन्छ भने, परमेश्वरले ईश्वरभक्ति स्त्रीहरूको अगुवापनलाई स्वीकृत गर्नुहुन्छ।**

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?